

# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड समाचार

देशको आर्थिक सामाजिक विकासमा ५५ वर्षदेखि समर्पित – राष्ट्रिय वाणिज्य बैंक लि.

वर्ष २७ अंक ३ | माघ - चैत २०७६ | Year 27 Vol 3 | Feb. 2020 -Apr. 2020

# राष्ट्रिय वाणिज्य बैंकको ५५ औं वार्षिकोत्सव कार्यक्रम सम्पन्न

**काठमाडौं, १० माघ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको ५५ औं वार्षिकोत्सव समारोह माननीय अर्थमन्त्री डा.युवराज खतिवडाको प्रमुख आथित्यतामा सम्पन्न भएको छ। समारोहमा माननीय अर्थमन्त्री डा. युवराज खतिवडाले सरकारी स्तरको रुपमा राष्ट्रिय वाणिज्य बैंक रहने बताउनुभयो । उहांले राष्ट्रिय वाणिज्य बैंकले प्रगति गरिरहेको र अझै प्रतिस्पर्धी बन्नुपर्ने बताउनुभायो ।

समारोहमा नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर चिन्तामणी शिवाकोटीले नेपालको आर्थिक विकासमा रा.वा. बैंकले खेलेको भूमिकाको सराहना गर्दै यो बैंक नेपालका अन्य वाणिज्य बैंकहरुको तुलनामा अग्रणी रहेको बताउनुभयो। बैंकका संचालक समितिका अध्यक्ष निर्मलहरि अधिकारीले बैंकको समग्र स्थितिमा सुधारको लागि चालिएको कदमले बैंकका वित्तीय




अवस्था, कार्यपद्धती र सेवाको गुणस्तरमा सुधार भएको बताउनुभयो ।

बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले बैंकको वर्तमान स्थिति र समग्र योजनाको बारेमा जानकारी गराउनुभयो। उहांले २०७६ पुस मसान्तसम्म बैंकले १ खर्ब ९७ अर्ब रुपैंया निक्षेप संकलन गरी १ खर्ब ५२ अर्ब रुपैंया कर्जा लगानी गरेको बताउनुभयो । बैंकले यस अवधिमा खुद मुनाफा २ अर्ब ५ करोड रुपैंया गरेको प्रमुख कार्यकारी अधिकृत श्रेष्ठले बताउनुभयो । उहाँले आर्थिक वर्ष २०७६।०७७ लाई "Clean and Smart RBB with Consolidation" भन्ने अभियान संचालन गरी

थप समाचार पृष्ट ५ ▸▸

# बैंकको प्रमुख कार्यकारी अधिकृतमा किरणकुमार श्रेष्ठ पुन: नियुक्त

**काठमाडौं, २८ चैत**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड संचालक समितिको मिति २०७६।१२।२७ गते बसेको बैठकले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २९ को उपदफा २ तथा बैंकको नियमावलीको नियम ३५ को उपनियम ३ को व्यवस्था बमोजिम किरणकुमार श्रेष्ठलाई मिति २०७६।१२।२९ देखि लागु हुने गरी अर्को एक कार्यकालको लागि बैंकको प्रमुख कार्यकारी अधिकृत पदमा पुन: नियक्ति गरिएको छ ।

यस अघि श्रेष्ठ मिति २०७२।१२।२९ गते खुला प्रतिस्पर्धाबाट चार वर्षको लागि बैंकको प्रमुख कार्यकारी अधिकृत पदमा नियक्त हुनु भएको थियो । श्रेष्ठले २०४३ सालमा नेपाल बैंक लिमिटेडमा सहायक प्रबन्धक पदबाट बैंकिङ्ग करिअर सुरु गर्नुभई नेपाल बैंकको महाप्रबन्धक पदबाट अवकाश लिनुभएको थियो । श्रेष्ठले



विश्व बैंकको सहयोगमा संचालित वित्तीय क्षेत्र सुधार कार्यक्रम अन्तर्गत नेपाल बैंकको व्यवस्थापन तहमा रहेर विभिन्न जिम्मेवारीमा समेत कार्य गरिसक्नुभएको छ । उहांले त्रिभुवन विश्वविद्यालयबाट जनप्रशासन विषयमा स्नातकोत्तर तहको अध्ययन पुरा गर्नुभएको छ । प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले २०७६।१२।३० गते पदबहाली गर्नुभएको छ। उहांले पदबहाली गर्नुहुँदै बैंकको आ.व.२०७७/७८ को बजेट तर्जुमा गर्ने निर्णय गर्नुभयो । साथै श्रेष्ठलाई कर्मचारीहरुको तर्फबाट बधाई तथा शुभकामना ज्ञापन गरिएको छ ।

# राष्ट्रिय वाणिज्य बैंक लि.को चौधौं वार्षिक साधारण सभा सम्पन्न




**काठमाडौं, २४ माघ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको चौधौं वार्षिक साधारण सभा सम्पन्न भएको छ । साधारण सभाले १२ प्रतिशत नगद लाभांष सहितको आ.व. २०७५/०७६ को वार्षिक प्रतिवेदन पारित गरेको छ । बैंक संचालक समितिका अध्यक्ष निर्मलहरि अधिकारीको अध्यक्षतामा सम्पन्न सो वार्षिक साधारण सभामा अध्यक्ष अधिकारीले प्रतिवेदन प्रस्तुत गर्नुहुँदै सरकारको अधिकांश स्वामित्व भएको यस बैंकले विगत देखिनै सरकारी नीति तथा कार्यक्रमहरुको कार्यन्वयनमा प्राथमिकताका साथ सहकार्य गरिरेहको विचार व्यक्त गर्नुभयो ।

साधारण सभामा बैंकका शेयरधनीहरु क्रमश: नेपाल सरकारका अर्थ मन्त्रालय, महालेखा नियन्त्रकको कार्यालय, पर्यटन तथा नागरिक उड्यान मन्त्रालय, भैतीक पूर्वाधार तथा यातायात मन्त्रालय, उद्योग मन्त्रालय, वाणिज्य तथा आपूर्ती मन्त्रालय, उर्जा मन्त्रालय, सिंचाइ मन्त्रालयका प्रतिनीधि तथा सार्वसाधारण शेयरधनीहरुको उपस्थिति रहेको थियो । अध्यक्ष अधिकारीले प्रस्तुत गर्नुभएको प्रतिवेदन माथि शेयरधनीहरु अमृतनाथ रेग्मी र दामोदर प्रसाद रेग्मी, डमरु बल्लभ घिमिरे, राजेश शाक्य र रामगोपाल महर्जनले टिप्पणी गर्नुका साथै बैंक सुधारको निमित्त विभिन्न सुझाव सहितको धारण राख्नुभएको थियो । सो टिप्पणी एवं जीज्ञासाबारे बैंक संचालक समितिका अध्यक्ष निर्मलहरि अधिकारीले जवाफ दिनुभएको थियो ।

सो साधारण सभामा बैंकका संचालक समितिका सदस्यहरु धनिराम शर्मा, जनककुमार बराल, प्रा.डा. राजनबहादुर पौडेल, प्रा.डा. माधवप्रसाद दाहाल, प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ, नायब प्रमुख कार्यकारी अधिकृतद्धय कबिराज अधिकारी र केशसबप्रसाद लम्साल, उपकार्यकारी अधिकृतहरु, टेकराज जोशी, महेन्द्रप्रसाद अवस्थी, सरस्वती अधिकारी, देवेशप्रसाद लोहनी, देवेन्द्ररमण खनाल र विभागीय प्रमुखहरु, लेखापरिक्षक, सल्लाहकारहरु, बैंकभित्र क्रियाशील ट्रेड यूनियका अध्यक्षहरु लगायतको उपस्थिति रहेको थियो । साधारण सभालाई कम्पनी सचिव भोलानाथ पौडेलले सहजिकरण गर्नुभएको थियो ।

# राष्ट्रिय वाणिज्य बैंक र सामाजिक सुरक्षा कोष बिच खाता संचालन सम्बन्धमा सम्झौता



**काठमाडौं, ८ फागुन**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र सामाजिक सुरक्षा कोष बिच खाता संचालन गर्ने सम्बन्धमा सम्झौता भएको छ । राष्ट्रिय वाणिज्य बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठको समुपस्थितिमा भएको सम्झौतामा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत कबिराज अधिकारी र कोषका कार्यकारी निर्देशक कपिलमणि ज्ञवालीले एक समारोहका बिच सम्झौता पत्रमा हस्ताक्षर गर्नुभयो । सम्झौता पश्चात सामाजिक सुरक्षा कोषको विभिन्न सुरक्षा योजनामा आवद्ध भएका रोजगारदाताहरुले आफ्नो श्रमिकको योगदानबाट कट्टा हुने आधारभुत पारिश्रमिकको ११ प्रतिशत र रोजगारदाताहरुले आफ्नो तर्फबाट योगदान गर्ने रकम २० प्रतिशत समेत गरी जम्मा ३१ प्रतिशत रकम मध्ये विभिन्न योजना अन्तर्गत कोषको राष्ट्रिय वाणिज्य बैंकमा रहेको खातामा जम्मा गर्नेछन् ।

कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले दुई सरकारी संस्था बिच भएको सम्झौताले सामाजिक सुरक्षाको कार्यान्वयनको लागि थप सघाउ पुग्ने बताउनुभयो । कोषका कार्यकारी निर्देशक कपिलमणि ज्ञवालीले सामाजिक सुरक्षा कोषको उद्धेष्य तथा महत्वको बारेमा प्रकाश पार्नुभयो । बैंकका नायब प्रमुख कार्यकारी अधिकृत कबिराज अधिकारीले बैंकले सामाजिक सुरक्षा कोषलाई आधुनिक प्रविधि सहितको बैंकिङ्ग सेवा दिने बताउनुभयो ।

उक्त समारोहमा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत केशवप्रसाद लम्साल, उपकार्यकारी अधिकृत देवेशप्रसाद लोहनी, विभागीय प्रमुखहरु विनयरमण पौडेल, सरोज बस्नेत, सामाजिक सुरक्षा कोषका उप निर्देशक रोहित रेग्मी लगायतको उपस्थिति रहेको थियो ।

# राष्ट्रिय बाणिज्य बैंकद्धारा २ अर्ब ५० करोड रुपैंयाको ऋणपत्र निष्काशन गर्ने

**काठमाडौं, १९ फागुन**

राष्ट्रिय बाणिज्य बैंक लिमिटेडले दुई अर्ब ५० करोड रुपैंया बराबरको एक हजार रुपैयाँ दरका २५ लाख कित्ता ऋणपत्र निष्काशन गर्ने भएको छ । बैंकले ऋणपत्र परिपत्र विधिबाट र सार्वजनिक निष्काशन प्रक्रियाबाट जारी गर्नेछ । बैंकले ऋणपत्र जारी गर्न एनआइबिएल एस क्यापिटललाई बिक्रि प्रवन्धक नियुक्त गर्न



सम्झौता गरेको छ । सम्झौता पत्रमा बैंकका तर्फबाट प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ र एनआइबिएल एस क्यापिटलबाट प्रमुख कार्यकारी अधिकृत शिवान्तबहादुर पाँडेले हस्ताक्षर गर्नुभएको छ । बैंकको चुक्ता पूंजीको कम्तीमा २५ प्रतिशत ऋणपत्र जारी गर्नुपर्ने प्राबधान बमोजिम निष्काशन गर्न लागेको यो ऋणपत्रको अवधि ६ बर्षको रहेको हुने छ । ६-६ महिनामा व्याज प्रदान गरिने यो ऋणपत्र निकट भविष्यमा निष्काशन गरिने छ ।

# राष्ट्रिय वाणिज्य बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत श्री किरणकुमार श्रेष्ठज्यूसंग रा.वा.बैंक समाचारका सहायक सम्पादक श्री ईश्वर उप्रेतीले लिनुभएको अन्तरवार्ता :

**☞ सर्वप्रथम राष्ट्रिय वाणिज्य बैंकको प्रमुख कार्यकारी अधिकृत पदमा पहिलो कार्यकालको सफलता पछि दोस्रो कार्यकालको लागि पुनः नियुक्ति हुनुभएकोमा यहांलाई रा.वा.बैंक समाचार परिवार बधाई तथा आगामी कार्यकालको सफलताका लागि शुभकामना व्यक्त गर्दछ। यस बैंकको प्रमुख कार्यकारी अधिकृतको पदमा पुनःनियुक्त हुंदा तपाईलाई कस्तो महसुस भएको छ ?**

✔ सर्वप्रथम त यस बैंकको प्रमुख कार्यकारी अधिकृतको रुपमा मलाई दोश्रो कार्यकालका लागि पुनःनियुक्त गरिएकोमा बैंकको संचालक समितिप्रति हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छु र यस अवसरमा मलाई बधाई तथा आगामी कार्यकालको सफलताको शुभकामना प्रकट गर्ने रा.बा.बैंक समाचार परिवार लगायत सबैमा हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु। दोश्रो कार्यकालका लागि समेत मलाई बैंकको प्रमुख कार्यकारी अधिकृतको जिम्मेवारी प्राप्त भएकोमा स्वभाविक रुपमा खुसी लागेको छ। मेरो नेतृत्वमा बैंकका सम्पूर्ण कर्मचारीहरुको लगनशीलता र मेहनतको नतिजास्वरुप यो अवसर प्राप्त भएकोले सबै कर्मचारी साथीहरुलाई बधाई दिन चाहन्छु र यो खुसी म सबैमा बांड्न समेत चाहन्छु।

**☞ नेपालको बैंकिङ्ग क्षेत्रमा धेरै वित्तीय परिसूचकहरुका आधारमा राष्ट्रिय वाणिज्य बैंकले अग्रणी स्थान हासिल गर्न सफल भएको छ। प्रमुख कार्यकारी अधिकृतको रुपमा यहांको पहिलो चार वर्षे कार्यकालमा सम्पन्न भएका मुख्य मुख्य कार्यहरु तथा उपलब्धीहरु के के रहेका छन् ?**

✔ पछिल्लो समय नेपालको बैंकिङ्ग क्षेत्र अत्यन्त प्रतिस्पर्धी बन्दै गएको छ। मेरो कार्यकाल शुरु हुंदा देशमा २८ वटा "क" वर्गका बाणिज्य बैंकहरु रहेका थिए। मुलुकले भर्खरै गणतान्त्रिक संविधान प्राप्त गरेको थियो र देशमा राजनीतिक स्थिरताको प्रारम्भ हुदै थियो। देशमा लगानीको लागि निश्चिन्त हुने वातावरण थिएन। व्यापार व्यवसाय तथा उद्योगहरु सरकारी नीति र व्यवस्थाको स्थायीत्वको प्रतिक्षामा थिए। बैंक तथा वित्तीय संस्थाहरुको बजार सीमित थियो।

राष्ट्रिय बाणिज्य बैंकको सन्दर्भमा तीस वर्षे सेवा अवधि तथा ५८ वर्ष उमेरका कारण ठूलो संख्यामा पुराना कर्मचारीहरुले अवकास लिईरहेका थिए भने नयां कर्मचारी भर्ना गर्न कानूनी अड्चन थियो। तर बैंकले आफ्नो सेवा विस्तार गर्न व्यवसायिक दृष्टिकोणले केही स्थानहरुमा शाखा पुनरस्थापना गर्नुपर्ने तथा कतिपय स्थानमा नयां शाखा स्थापना गर्नुपर्ने आवश्यकता थियो। बैंकका कतिपय आन्तरिक नीति नियम तथा निर्देशिकाहरु पुनरावलोकन, संशोधन तथा परिमार्जन गरी बैंकलाई आन्तरिक रुपमा सुदृढ गर्नुपर्ने आवश्यकता पनि थियो। बैंकको नियमित व्यवसाय विस्तारको कामलाई त यसैपनि प्राथमिकतापूर्वक संचालन गर्नु नै थियो ।

उल्लेखित राष्ट्रिय तथा आन्तरिक पृष्ठभूमिमा मेरो कार्यकालमा बैंकसंग सम्बन्धित निकायहरुसंग समन्वय गरी बैंकका कामहरुलाई सन्तुलित किसिमले अगाडि बढाउदै लगियो। नेपाल राष्ट्र बैंकबाट जारी निर्देशनहरुको पालना गर्दै नेपाल सरकारका प्राथमिकता र कार्यक्रमहरुको कार्यान्वयनमा जोड दिईयो। बैंकको सेवा सुविधालाई अझ प्रविधिमैत्री बनाउन सूचना प्रविधिको प्रयोगमा विशेष प्राथमिकता दिईयो। बैंकलाई प्रतिस्पर्धी बनाउन सबै कार्यालयहरुलाई श्रोत साधन सम्पन्न बनाउने काम भयो। नयां कर्मचारी भर्नामा देखिएको अडचन हटाउदै बैंकमा युवा नयां कर्मचारीहरुको नियुक्ति गरियो। कर्मचारीहरुको सीप तथा क्षमता अभिबृद्धिका लागि व्यापक रुपमा तालिमको व्यवस्था गरियो। बैंकको शाखा संजाल विस्तारको कामलाई प्राथमिकतपुर्वक अगाडि बढाईयो। लगानीका संभावित क्षेत्रहरुको पहिचान गरी राज्यले तोकेको प्राथमिकताप्राप्त क्षेत्र जस्तैः जलविद्युत, कृषि, पर्यटन, निर्माण सामाग्री उद्योग जस्ता क्षेत्रहरुमा कर्जा लगानी विस्तार गरियो। यस अवधिमा Management Audit, HR Audit, IT Audit जस्ता क्षेत्रहरुको वाह्य पक्षबाट निरीक्षण गराउने कार्य सम्पन्न भयो भने बैंकको दीर्घकालिन रणनीतिको रुपमा Strategic Plan 2020-2025 तयार गर्ने कार्य सम्पन्न भयो। Clean and Smart RBB अभियान अन्तरगत धेरै लामो समयदेखि पेण्डिङ्ग रहेका हिसाब मिलानका लागि कार्यदल गठन गरि कार्य अगाडि बढाइएयो भने अनुपयोगी कागजातहरु धुल्याउने कार्यलाई बैंकका अधिकांश शाखाहरुमा प्राथमिकतापूर्वक लागू गरियो। त्यस्तै बैंकका शाखाहरुलाई क्रमशः Smart Branch घोषणा गर्ने र सेवा सुविधाको स्तरोन्नति गर्दै लैजाने कार्य प्रारम्भ गरियो।

उल्लेखित प्रमुख कार्यहरुलाई निरन्तर रुपमा अगाडि बढाउदै गर्दा बैंकले विभिन्न उपलब्धिहरु हासिल गरेको छ। तत्कालिन समयमा बैंकसंग श्रोत प्रचुर मात्रमा भएपनि उपयोग हुन सकेको थिएन। बैंकसंग भएको श्रोतको अधिकतम् उपयोगमा जोड दिएर ५८ प्रतिशतको CD Ratio लाई बढाएर क्रमशः ६८, ७२, ७५ हुदै ८० प्रतिशतमा पुऱ्याईयो र यसले मुनाफामा उल्लेख्य सुधार गऱ्यो। फलस्वरुप यो बैंक बैंकिङ्ग क्षेत्रमा नै सर्वाधिक नाफा आर्जन गर्ने बैंक बन्न पुग्यो। गत वर्षको वितरण योग्य मुनाफाबाट लगानीकर्ता ( नेपाल सरकार) लाई १२ प्रतिशत लाभांश वितरण गर्न सफल भयो। बैंक तथा वित्तिय क्षेत्र मध्येको नेपाल सरकारलाई सर्वाधिक कर तिर्ने संस्थाको रुपमा पुरस्कृत भयो। कर्मचारीहरुलाई विगत लामो समयदेखि वितरण हुन नसकेको बोनस वितरणको कार्यलाई निरन्तरता दिईयो। सरकारले ल्याएको सहुलियतपूर्ण कर्जा सम्बन्धी कार्यक्रमको कार्यान्वयनमा वाणिज्य बैंकहरु मध्ये नै सर्वाधिक कर्जा प्रवाह गर्ने बैंकको रुपमा परिचित हुन सफल भयो।

**☞ तपाईंले राष्ट्रिय वाणिज्य बैंकको प्रमुख कार्यकारी अधिकृतको रुपमा पहिलो कार्यकाल सफलतापूर्वक सम्पन्न गर्न'भएको छ, आफूलाई सफल बनाउन सक्नुको रहस्य के को ठान्नुहुन्छ ?**

✔ कुनैपनि संस्थालाई सफल बनाउन धेरै कुराहरुको आवश्यकता पर्दछ। मैले यस बैंकलाई सफलतापूर्वक अगाडि बढाउन धेरै नै मेहनत गरेको छु । विषम परिस्थितिमा समेत सम्बन्धित व्यक्ति तथा संस्थाहरुको समन्वयमा गतिविधिहरु संचालन गरिएको छ। नियामक निकायहरुसंगको समन्वय, संस्थामा आवद्ध कर्मचारीहरुको लगनशीलता, निर्णय प्रकृयामा सहकर्मीहरुको सहभागिता तथा संस्थामा क्रियाशील ट्रेड यूनियनहरुसंगको समझदारीमा कार्य संचालन गर्न नै सफलताको रहस्य हो भन्ने ठानेको छु।

**☞ पहिलो कार्यकालको सफलतापछि तपाई दोस्रो चारवर्षे कार्यकालको लागि बैंकको प्रमुख कार्यकारी अधिकृत पदमा पुनः नियुक्ति हुनुभएको छ। दोस्रो कार्यकाललाई पनि सफलतापूर्वक सम्पन्न गर्न के कस्ता योजना तथा नीतिहरुका साथ अगाडि बढ्दैहुनुहुन्छ ?**

✔ निश्चित रुपमा मेरो पहिलो कार्यकालमा सम्पन्न हुन नसकेको र जारी रहेका कतिपय योजनाहरु तथा नयां योजनाहरु सहित आगामी चार वर्षको लागि व्यवसायिक योजना तथा वित्तीय प्रक्षेपण सहित दोश्रो कार्यकाल प्रारम्भ गरेको छु। मुलतः पहिलो कार्यकालमा प्रारम्भ गरिएका कार्यहरु मध्ये Clean and Smart RBB लाई अझ विस्तार गरी Clean and Smart RBB with



**श्री किरणकुमार श्रेष्ठ**
प्रमुख कार्यकारी अधिकृत

Consolidation को अभियान अगाडि बढाईएको छ। बैंकको व्यवसाय तथा कारोबारमा भईरहेको बृद्धिलाई मध्येनजर गरी बैंकको Core Banking System मा अद्यावधिक गर्ने प्रकृया पनि जारी रहने छ। त्यसै गरी आगामी कार्यकालमा Digitization लाई विशेष जोड दिदै विभिन्न १७ वटा रणनीतिक प्राथमिकताहरु (Strategic Priorities) निर्धारण गरी समयसीमा समेतको त्रैमासिक कार्ययोजना तर्जुमा गरी विस्तृत व्यवसायिक योजना तयार गरेको छु। बैंकका मुख्य वित्तीय परिसूचककहरुको वार्षिक रुपमा लक्ष्य निर्धारण गरी सो हासिल गर्ने गरी कार्यहरु अगाडि बढाउने योजना लिएको छु। विगतको चार वर्षे कार्यकालले मलाई यस बैंकको नेतृत्व गर्ने कार्यमा राम्रै अनुभव प्राप्त भएकोले दोश्रो कार्यकाल पनि सामान्यतया सफलतापूर्वक सम्पन्न गर्ने विश्वास लिएको छु।

**☞ विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाईरसको कारण गत चैत ११ गतेदेखि मुलुक लकडाउनको विषम परिस्थितिबाट गुज्रिरहेको छ। यस अवस्थामा अधिकांश व्यापार व्यवसायहरु बन्द रहेका छन् जसको असर वित्तीय क्षेत्रलाई पनि परिरहेको छ। वर्तमान लकडाउनको अवस्थाले वित्तीय क्षेत्रमा पारेको असर र राष्ट्रिय वाणिज्य बैंकले यो असर न्युनिकरण गर्न चालेका कदमहरुको बारेमा संक्षेपमा बताईदिनुहोस् न ?**

✔ हाल विश्वमा फैलिएको महामारीको प्रत्यक्ष असर हाम्रो देशमा पनि नराम्रोसंग देखिएको छ। गत चैत ११ गतेदेखि मुलुक लकडाउनको स्थितिमा छ। यातायात, व्यापार व्यवसाय, उद्योगधन्दा, कलकारखाना सबै बन्द छन्। आर्थिक गतिविधिहरु शून्य प्रायः भईरहेको वर्तमान अवस्थामा वित्तीय क्षेत्रलाई यसको नकारात्मक असर पर्ने नै भयो। हामी ग्राहकवर्गको सुविधाका लागि जोखिमपूर्वक अत्यावश्यक बैंकिङ्ग सेवाहरु प्रवाह गरिरहेका छौं। यस्तो जोखिमपूर्ण अवस्थामा समेत कार्यालयमा उपस्थित भई काम गर्ने कर्मचारीहरुको आंट तथा साहसका उच्च कदर गर्दछु। बैंकिङ्ग कारोबार विभिन्न आर्थिक गतिविधिहरुसंग प्रत्यक्ष सम्बन्धित रहने हुंदा अहिलेको अवस्था बैंक तथा वित्तीय क्षेत्रका लागि अत्यन्तै प्रतिकुल अवस्था हो। यसले वर्तमान समयमा मात्र नभई भविष्यमा समेत नकारात्मक असर पुऱ्याउछ। यस बैंकले अहिलेसम्मको अवस्थालाई दृष्टिगत गरी नेपाल राष्ट्र बैंकबाट जारी निर्देशनको पालना गर्दै ग्राहक वर्गलाई उपलब्ध गराउने सुविधा तथा सहुलियत प्रदान गरिरहेको छ। कर्मचारीहरुलाई सुरक्षित पूर्वक कारोवार संचालन गर्न आवश्यक पर्ने सबै प्रकारका श्रोत साधनको व्यवस्थापन गरिरहेको छ। यस महामारीको प्रभाव अध्ययन विश्लेषण गर्न समितिहरु गठन गरी अध्ययनको कार्य भैरहेको छ। महामारीको अन्त्य नभएसम्म यसको यथार्थ असर मुल्यांकन गर्न त कठिन छ तैपनि हालसम्मको असर मुल्यांकन गरी सोको न्युनीकरणका लागि रणनीतिक छलफल भैरहेका छन्।

**☞ तपाईंको प्रथम कार्यकालमा सम्पन्न हुन नसकेका योजनाहरु तथा दोश्रो कार्यकालमा तर्जुमा गरिएका योजनाहरुको प्रभावकारी रुपमा कार्यान्वयन गराउदै वर्तमानको प्रतिकुल अवस्था समेतलाई व्यवस्थापन गरी यस बैंकलाई पुनः**

थप समाचार पृष्ट ५ ▶▶

# राष्ट्रिय वाणिज्य बैंकद्वारा काठमाडौं इन्स्टीच्युट अफ चाइल्ड हेल्थ (किओच) लाई ५० लाख रूपैंया आर्थिक सहयोग

**काठमाडौं, १४ फागुन**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले संस्थागत समाजिक उत्तरदायित्व अन्तर्गत काठमाडौं इन्स्टीच्युट अफ चाइल्ड हेल्थ (किओच)लाई अस्पताल भवन निर्माणको लागि ५० लाख रुपैंया आर्थिक सहयोग गरेको छ । यस सम्बन्धमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ र किओचका संस्थापक अध्यक्ष प्रा.डा.भगवान कोइराला बिच समझदारीपत्रमा एक कार्यक्रममा बिच हस्ताक्षर भएको छ । सो कार्यक्रममा बैंक संचालक समितिका अध्यक्ष निर्मलहरि अधिकारीले ५० लाख रुपैंयाको चेक किओचका संस्थापक अध्यक्ष प्रा.डा.भगवान कोइरालालाई हस्तान्तरण गर्नुभयो ।

सो अवसरमा किओचका संस्थापक अध्यक्ष प्रा.डा.भगवान कोइरालाले हाल मुलुकभर करिब १ करोड २० लाख बालबालिका भएको र स्वास्थ्य उपचारको अवस्था कमजोर रहेकोमा बैंकको सिएसआरको पैसा बालबालिकाको उपचार हुने अस्पतालमा प्रयोग हुनु पुण्य कार्य भएको र यस्ता सहयोगले अधुरा परियोजनाहरु संचालनमा ल्याउन सघाउ पुग्ने बताउनुभयो । बैंक संचालक समितिका अध्यक्ष निर्मलहरि अधिकारीले राज्यको पंहुच नपुगेको ठाउंमा रा.वा.बैंकले सिएसआर मार्फत सेवा दिइरहेको बताउनुभयो । बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले स्वास्थ्य, वातावरण संरक्षण, शिक्षा, खेलकुद लगायतको क्षेत्रमा बैंकले सिएसआर मार्फत सहयोग गरिरहेको बताउनुभयो ।



काठमाडौं इन्स्टीच्युट अफ चाइल्ड हेल्थ(किओच) बाल स्वास्थ्यको क्षेत्रमा बहुविशिष्टीकृत एउटा अस्पलाल संचालन गर्ने, तालिम प्राप्त दक्ष जनशक्ति तयार गर्ने, गुणस्तर बृद्धि गर्ने, नियमनका विधि र प्रक्रियाको विकास गर्ने, नीति निर्धारण गर्ने लगायतका कार्य गर्ने गरी सवै प्रादेशिक बाल अस्पलातहरुका लागि श्रोत केन्द्रको रुपमा केन्द्रीय बाल अस्पताल संचालन गर्ने गरी स्थापना भएको बाल अस्पताल हो । काठमाडौंको बुढानिलकण्ठमा केन्द्रीय अस्पतालको रुपमा स्थापना हुने यो बाल अस्पताल मुनाफारहित कम्पनीको रुपमा रहने र देशका सातै प्रदेशमा संचालन हुनेछ ।

# राष्ट्रिय वाणिज्य बैंकद्वारा कोरोना भाइरस रोकथाम तथा नियन्त्रणको लागि एक करोड ५० लाख रूपैंया आर्थिक सहयोग

**काठमाडौं, १२ चैत**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत विश्वव्यापी महामारी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को संक्रमणलाई फैलिन नदिन तथा सो को रोकथाम एवम् नियन्त्रणको लागि नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयद्वारा स्थापना गरिएको कोरोना भाइरस रोकथाम, नियन्त्रण तथा उपचार कोषमा एक करोड ५० लाख रुपैंया आर्थिक सहयोग गरेको छ । राष्ट्रिय वाणिज्य बैंकको शाखा कार्यालय सिंहदरबार परिसरमा रहेको कोषको खाता नम्बर १९६०००००११०१ मा सो रकम जम्मा गरिएको हो । कार्यरत कर्मचारीहरुको तर्फबाट अलगै ८० लाख १४ हजार रुपैया उक्त कोषमा रकम जम्मा गरिएको छ । लकडाउनको यस विषम परिस्थितिमा पनि बैंकले आफ्ना ग्राहकहरुलाई देशव्यापी एटिएम सेवा, नगद काउन्टर, रेमिट्यान्स, क्लियरिङ्ग, एलसी लगायत बैंकिङ्ग सेवा प्रदान गर्दै आएको छ । बैंकले २०७७ आषाढ मसान्तसम्मको लागि जुनसुकै बैंकको एटिएम कार्ड प्रयोग गर्दा ग्राहकलाई शुल्क नलाग्ने, मोवाइल बैंकिङ्ग, इन्टरनेट बैंकिङ्ग आदिमा समेत शुल्क नलाग्ने व्यवस्था गरेको छ ।

सातैवटा प्रदेश सरकारद्धारा कोरोना भाइरसको रोकथाम, नियन्त्रण तथा उपचारको लागि रकम जम्मा गर्न राष्ट्रिय वाणिज्य बैंकको विभिन्न शाखा कार्यालयहरुमा कोरोना भाइरस रोकथाम, नियन्त्रण तथा उपचार कोष खाताहरु खोलिएका छन् । यी खाताहरुमा Connect IPS, मोवाइल बैंकिङ्ग, इन्टरनेट बैंकिङ्ग लगायत विद्युतिय माध्यमबाट पनि रकम जम्मा गर्न सकिने छ । १ नम्बर प्रदेश सरकारद्धारा संचालन भएको प्रं-१ कोरोना जन सुरक्षा कोषको खाता नम्बर: २१२०००५८८१०१, शाखा कार्यालय बिराटनगर, २ नम्बर प्रदेश सरकारद्धारा संचालन भएको कोरोना भाइरस नियन्त्रण तथा




उपचार कोषको खाता नम्बर: १२२०५०३००००००१, शाखा कार्यालय जनकपुर, बागमती प्रदेश सरकारद्धारा संचालन भएको कोरोना भाइरस नियन्त्रण तथा उपचार कोषको खाता नम्बर: १३००५०३००००००२, शाखा कार्यालय हेटौंडा, गण्डकी प्रदेश सरकारद्धारा संचालन भएको कोरोना भाइरस नियन्त्रण तथा उपचार कोषको खाता नम्बर: ३०२०००१८८३०१ शाखा कार्यालय पृथ्वीचोक, ५ नम्बर प्रदेश सरकारद्धारा संचालन भएको कोरोना भाइरस नियन्त्रण तथा उपचार कोषको खाता नम्बर ३१२०५०३०००३०१, शाखा कार्यालय बुटवल, कर्णाली प्रदेश सरकारद्धारा संचालन भएको प्रदेश विपत व्यवस्थापन कोषको खाता नम्बर ४०८०५०३००००००, शाखा कार्यालय सुर्खेत, सुदूर पश्चिम प्रदेश सरकारद्धारा संचालन भएको कोरोना भाइरस नियन्त्रण तथा उपचार कोषको खाता नम्बर: ४१७०५०३००००००३ शाखा कार्यालय धनगढीमा खोलिएको छ ।

# आरविवि मर्चेन्ट बैंकिङ्ग लि.को ५ औं वार्षिकोत्सव कार्यक्रम सम्पन्न



**काठमाडौं, १५ माघ**

राष्ट्रिय वाणिज्य बैंकको सहायक कम्पनी आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेडको ५ औं वार्षिकोत्सव समारोह नेपाल धितोपत्र बोर्डका कार्यकारी निर्देशक निरजगिरी तथा नेपाल स्टक एक्स्चेन्ज लिमिटेडका प्रमुख कार्यकारी अधिकृत चन्द्र सिंह साउदको विशिष्ठ आथित्यतामा सम्पन्न भएको छ । समारोहमा धितोपत्र बोर्डका कार्यकारी निर्देशक निरज गिरीले मर्चेन्ट बैंकिङ्ग लि.लाई ५औं वार्षिकोत्सवको अवसरमा कम्पनीको उत्तरोत्तर प्रगतिको लागि शुभकामना दिंनै यस क्षेत्रमा हुँदै आएका काम कारबाहीहरुलाई अझै पारदर्शी रुपमा देशका हरेक स्थानहरुबाट सम्पन्न गराउनको लागिकार्य भइरहेको तथा लगानी मैत्री वातावरण सृजन गर्नको लागि अध्ययन समेत भइरहेको जानकारी गराउनुभयो । उहाँले मर्चेन्ट बैंकरहरुलाई इङ्गितगर्दै लगानीका नयाँ आयामहरुको अध्ययन अनुसन्धान गरिनुपर्ने तथा नियामक निकायहरुलाई सो सम्बन्धी कार्यविधि तयार बनाउन समेत पहल गर्नुपर्ने बताउनुभयो ।

समारोहमा नेपाल स्टक एक्स्चेन्ज लिमिटेडका प्रमुख कार्यकारी अधिकृत श्री चन्द्र सिंह साउदले धितोपत्र कारोबार सहज र सरल रुपमा गर्नको लागि Online प्रणाली लागू भैसकेको तथा बजारमा सूचिकृत बैंक तथा वित्तीय संस्था साथै अन्य कम्पनीहरुको बारेमा विश्लेषण गर्नको लागि छुट्टै Data Base तयार भैरहेको कुरा जानकारी गराउनुभयो ।

मर्चेन्टका प्रमुख कार्यकारी अधिकृत बद्रीप्रसाद प्याकुरेलले मर्चेन्टको वर्तमान स्थिति, संस्थाले नेपाल पुनर्बीमा कम्पनीले निष्कासन गर्न लागेको १ अर्ब ६० करोड रुपैंया बराबरको प्राथमिक सेयर सर्वसाधारण समुहलाई निष्कासन गर्नको लागि आरविवि मर्चेन्ट बैंकिङ्गलि. संग सम्झौता भए बमोजिम उक्त निष्कासनको अन्तिम चरणको काम भइरहेको साथै विभिन्न कम्पनीहरुसंग समन्वयगर्दै विभिन्न सम्झौता समेत भइरहेको जानकारी गराउनुभयो ।

कार्यक्रममा राष्ट्रिय वाणिज्य बैंक लि.का प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले कम्पनीको ५ औं वार्षिकोत्सव समारोह मनाउने अवसरमा यस संस्थालाई एउटा हुर्कीरहेको बच्चाको संज्ञा दिंदै अबको दिनमा यस संस्थाले धितोपत्रबाजारको चुनौतीहरुलाई आत्मसाथ गरी आफूलाई पनि रा.बा.बैंक लि. जसरी नै स्थापितहुनको लागि प्रोत्साहन दिनुभयो ।

कार्यक्रममा रा.बा बैंकका नायव प्रमुख कार्यकारी अधिकृतद्वय कबिराज अधिकारी र केशवप्रसाद लम्साल, उपकार्यकारी अधिकृतहरु टेकराज जोशी र महेन्द्रप्रसाद अवस्थी, सरस्वती अधिकारी, देवेन्द्ररमण खनाल, कम्पनी सचीव भोलानाथ पौडेल, बागमती प्रादेशिक कार्यालयकी प्रवन्धक सोनी श्रेष्ठ, आन्तरिक लेखा परिक्षण प्रमुख संजयकुमार श्रेष्ठ, शाखा प्रबन्धक युवराज घिमिरे लगायत कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

## राष्ट्रिय वाणिज्य बैंकको ५५ औं वार्षिकोत्सव.........

Physical / Financial Smartness को लक्ष्य सहित विभिन्न प्रकारका कामहरु गरिरहेका छौ । यस सिलसिलामा लामो समय देखि नधुल्याइएका पुराना कागजपत्रहरु धुल्याउने काम सम्पन्न गरेका छौ । पुराना फर्निचरहरु, गाडी तथा सरसामानहरु लिलाम बिक्री गरिसकेका छौ । लामो समय देखि Unreconciled तथा पेन्डिंगमा रहेका हिसाब मिलान कार्यलाई कार्यदल (Taskforce) बनाएर राफसाफ गर्ने गरी काम अगाडि बढाएको बताउनुभयो । कार्यक्रममा बैंकमा क्रियाशील तीन वटै ट्रेड यूनियनका अध्यक्षहरुले शुभकामना व्यक्त गर्नुभएको थियो ।



कार्यक्रममा बैंकको ५५ औं वार्षिककोसवको अवसरमा प्रकाशन गरिएको विशेषाङ्क उपहार २०७६ विमोचन गरिएको थियो । कार्यक्रममा बैंकको सर्वोत्कृष्ठ/उत्कृष्ट कार्य सम्पादन गर्ने शाखा कार्यालयहरुको नाम घोषणा, सर्वोत्कृष्ठ/उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारी घोषणा, कर्मचारी सम्मान कार्यक्रम, बैंकका २० वर्ष सेवा पुरा गरेका कर्मचारीहरुलाई दीर्घसेवा पदक प्रदान गरिएको थियो ।

कार्यक्रममा ५५ औं वार्षिकोत्सवको अवसरमा रक्तदान, प्रभातफेरी, विभिन्न खेलकुद कार्यक्रमहरु केन्द्रीय कार्यालय, प्रादेशिक कार्यालयहरु तथा शाखा शाखा कार्यालयहरुमा संचालन भएका थिए । कार्यक्रममा शेयरधनिहरु, नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशकशरु, बैंक संचालक समितिका सदस्यहरु, नेपाल बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्णबहादुर अधिकारी, कर्मचारी संचय कोषका कोष प्रशासक तुलसी गौतम, नागरिक लगानी कोषका कार्यकारी निर्देशक रमण नेपाल, रा.वा. बैंकका नायव प्रमुख कार्यकारी अधिकृतद्वय कबिराज अधिकारी र केशवप्रसाद लम्साल, उपकार्यकारी अधिकृतहरु टेकराज जोशी र महेन्द्रप्रसाद अवस्थी, सरस्वती अधिकारी, देवेशप्रसाद लोहनी, देवेन्द्ररमण खनाल, विभागीय प्रमुखहरु, शाखा प्रबन्धकहरु लगायत कर्मचारीहरुको भब्य उपस्थिति रहेको थियो ।

## राष्ट्रिय वाणिज्य बैंक लिमिटेडका प्रमुख...

**अग्रणी स्थानमा राखिराख्न बैंकको संचालक समिति, उच्च व्यवस्थापक, समस्त कर्मचारीहरु तथा बैंकमा क्रियाशील ट्रेड युनियनहरुको सहयोग र सहकार्य आवश्यक छ, यसका लागि वहांहरुलाई के भन्न चाहनुहुन्छ ?**

✔ वर्तमान विश्व Covid-19 को महामारीबाट आक्रान्त छ। यो महामारीको कारणले हाम्रो राष्ट्रिय अर्थतन्त्रमा पनि गम्भीर चुनौतीहरु खडा भएको छ। यसको प्रत्यक्ष असर बैंकलाई पर्ने कुरा निश्चित छ । यस सन्दर्भमा भविष्यमा आईपर्ने विविध चुनौतीहरुको सामाना गर्दै बैंकका आगामी योजना तथा रणनीतिहरुलाई कार्यान्वयन गर्न बैंकको संचालक समिति, व्यवस्थापनका साथीहरु, समस्त कर्मचारी तथा बैंकमा क्रियाशील ट्रेड यूनियनको सकारात्मक सहयोग र श्रृजनात्मक सल्लाहको अपेक्षा गरेको छु। बैंक सम्बद्ध सबै पक्षले विषम परिस्थितिमा समेत जिम्मेवारीपूर्वक आ-आफ्नो भूमिका निर्वाह गर्ने हो भने फेरी पनि हामीले यस बैंकलाई नेपालको अग्रणी बैंकको रुपमा स्थापित गर्न सक्छौं भन्ने मेरो विश्वास रहेको छ।

**मानव संशाधन**

## मिति २०७६।१०।१२ देखि २०७६।११।३० गते सम्म भएका सरुवा तथा पदस्थापन विवरण

| क्र.सं. | नाम | क.न. | हालको कार्यालय | प्रस्तावित कार्यालय | पद |
|---|---|---|---|---|---|
| १ | श्री इश्वरी न्यौपाने | ११०७८ | नक्साल | भरतपुर | शाखा प्रबन्धक |
| २ | श्री श्यामसुन्दर गौतम | ११६१९ | पुतलिसडक | नक्साल | शाखा प्रबन्धक |
| ३ | श्री खेमराज पन्त | १२०११ | डडेल्धुरा | डडेल्धुरा | नगद सहायक |
| ४ | श्री रत्न श्रेष्ठ | ११६३५ | कठौना | कठौना | शाखा सहायक प्रबन्धक |
| ५ | श्री केशवकान्त पौडेल | १०६९१ | त्रिवेणी | ब्रान्च अपरेशन विभाग | सहायक प्रबन्धक |

## राष्ट्रिय वाणिज्य बैंकको एक्सटेन्सन काउन्टर जिल्ला प्रशासन कार्यालय सिन्धुलीमा



**काठमाडौं, ५ फागुन**

बागमती प्रदेश सिन्धुली जिल्लाको कमलामाई नगरपालिका वडा न. ६ स्थित जिल्ला प्रशासन कार्यालयमा राष्ट्रिय वाणिज्य बैक लिमिटेडको २९ औं एक्सटेन्सन काउन्टर तथा राजश्व सङ्कलन केन्द्रको एक समारोहका बिच शुभारम्भ गरिएको छ । एक्सटेन्सन काउन्टरको समुद्घाटन जिल्ला प्रशासन कार्यालय सिन्धुलीका प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमले गर्नुभएको थियो ।

शाखा कार्यालय सिन्धुली मार्फत रहने सो एक्सटेन्सन काउन्टरबाट विभिन्न सरकारी कार्यालयबाट लिईने राजश्व, धरौटी, सेवा शुल्क, दस्तुर, कर्मचारी संचय कोष, नागरिक लगानी कोष लगायतको रकम जम्मा गर्न सकिने छ । सो अवसरमा शाखा कार्यालय सिन्धुलीका शाखा प्रवन्धक खिलराज भट्टराई, सहायक शाखा प्रबन्धक बिनोद ओझा, जिल्ला प्रशासन कार्यालय सिन्धुलीका कर्मचारीहरुको लगायतको उपस्थिति रहेको थियो ।

## राष्ट्रिय वाणिज्य बैंकद्वारा माइती नेपाललाई न्यानो कपडा तथा विभिन्न सामग्रीहरू वितरण



**काठमाडौं, २८ पुस**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत शाखा कार्यालय बौद्ध, गौशाला र मैतिदेवीले संयुक्त रुपमा आयोजना गरेको काठमाडौं, गौशाला स्थित माइती नेपालको संरक्षणमा रहेका महिला तथा वालबालिकाहरुको लागि न्यानो कपडा, गलैंचा र आवश्यक विभिन्न सामग्रीहरुको सोमबार एक कार्याक्रम बिच वितरण गरिएको छ । सो कार्यक्रममा माइती नेपालकी संरक्षक अनुराधा कोइराला, माइती नेपालका अध्यक्ष विश्वराम खड्का, बैंकका ब्रान्च अपरेशन विभागका विभागीय प्रमुख सरोज बस्नेत, शाखा कार्यालय गौशालाका प्रबन्धक बेदप्रसाद खनाल, शाखा कार्यालय मैतिदेवीका प्रबन्धक कपिल कार्की र शाखा कार्यालय बौद्धका प्रबन्धक सुरेश सापकोटा लगायत माइती नेपालका संरक्षणमा रहेका महिला तथा वालबालिकाहरुको उपस्थिति रहेको थियो । सो कार्यक्रममा माइती नेपालकी संरक्षक अनुराधा कोइरालाले बैंकले गरेको सहयोगको लागि धन्यवाद दिदै यस्ता सहयोगी कार्यहरुको संधै स्मरण गरिने बताउनुभयो ।

## राष्ट्रिय वाणिज्य बैंकद्वारा जनप्रभात उच्च मा.वि.मा सूचना प्रविधि कक्षा स्थापना



**काठमाडौं, १६ माघ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत ३ नम्बर प्रादेशिक कार्यालय काठमाडौं र शाखा कार्यालय टेकुले संयुक्त रुपमा आयोजना गरी कालिमाटी स्थित जनप्रभात उच्च मा.वि.मा सूचान तथा संचार प्रविधि (ICT) कक्षाको स्थापना गरी कक्षामा आवश्यक सूचना प्रविधि सम्बन्धी सामग्रीहरुको हस्तान्तरण गरिएको छ । बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामशरण डंगोललाई सरस्वती पूजाको दिन सहयोग हस्तान्तरण गरिएको हो । सो कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले सरकारी विद्यालयका विद्यार्थीहरुको क्षमता बृद्धिका लागि स्थापना गरिएको सूचान तथा संचार प्रविधि कक्षाले सहयोग पुऱ्याउने बताउनुभयो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामशरण डंगोलले सूचना प्रविधि कक्षा भन्नाले कम्प्यूटर सीप वृद्धि गर्नु मात्र बुझिन्छ तर वास्तवमा संचार र सूचना प्रविधि कक्षा भनेको कम्प्यूटर र अन्य प्रविधि जस्ता उपकरणको प्रयोग गरी अडियो भिडियो प्रणाली मार्फत शैक्षिक विषयमा विद्यार्थीहरु लाई मनोरन्जन मुलक रुपमा ज्ञान दिने बताउनुभयो ।

सो कार्यक्रममा बैंकका उपकार्यकारी अधिकृत देवेन्द्ररमण खनाल, बागमती प्रादेशिक कार्यालयकी प्रबन्धक सोनी श्रेष्ठ, शाखा कार्यालय टेकुका प्रबन्धक युवराज घिमिरे, प्रबन्धक रविन्द्र पोखरेल, उपप्रबन्धक गणेश प्रधान, विद्यालयका प्रधानाध्यापक सत्यन्द्रलाल कर्ण, शिक्षिका विजयाश्री बज्राचार्य लगायतको उपस्थिति रहेको थियो ।

## एल.सी. तथा बैंक ग्यारेण्टी तालिम सम्पन्न

**काठमाडौं, २० माघ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड तालिम तथा विकास विभागको आयोजना तथा ट्रेजरी विभागको समन्वयनमा प्रतितपत्रको कारोबार गर्ने ३६ वटा शाखा कार्यालयहरुका शाखा प्रबन्धकहरुलाई लक्षित गरी गत माघ १८ गते देखि २० गते सम्म दरबारमार्गमा एल.सी. तथा बैंक ग्यारेण्टी तालिम सम्पन्न प्रदान गरिएको छ । प्रशिक्षकहरु मणि श्रेष्ठ, ब्रजमोहन अधिकारी, शेखरराज शर्मा, राजकुमार ओझाले विषयगत प्रशिक्षण दिनुभएको थियो । कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ, नायब प्रमुख कार्यकारी अधिकृत केशवप्रसाद लम्साल, विभागीय प्रमुख दिपकराज न्यौपाने लगायतको उपस्थिति रहेको थियो ।

(बरिष्ठ सहायक कृष्ण आचार्यको सहयोगमा तयार पारिएको )

# पूर्व सेवाकालिन तालिमहरु सम्पन्न

**काठमाडौं, २ चैत**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड तालिम तथा विकास विभागको आयोजना तथ मानव संशाधन विभागको समन्वयनमा गण्डकी प्रदेश अन्तर्गतका ३५ जना नवनियुक्त सहायक कर्मचारीलाई पांच दिने पूर्व सेवाकालिन तालिम दरबारमार्गमा सम्पन्न भएको छ । मानव संशाधन विभागका विभागीय प्रमुख भीमप्रसाद घिमिरेले नवनियुक्त कर्मचारीहरुलाई पद तथा गोपनीयताको शपथ खुवाउनु भएको थियो । प्रशिक्षकहरु केशवप्रसाद लम्साल, विनयरमण पौडेल, रिको स्थापित, राज्यलक्ष्मी खड्गी, दिपकराज न्यौपाने, भीमप्रसाद घिमिरे, रुद्रनाथ पोखरेल, रमेश सुवाल, गगनसिंह घिमिरे, हेमन्तबहादुर जि.सी., रामप्रसाद जोशी, विमलप्रसाद जोशी, शेखरराज शर्मा, आनन्दनारायण चौधरी, अर्नुनप्रसाद दाहाल, भागीरथी मल्ल, प्रतिभा पन्त, रविन्द्रप्रसाद चौलागांईले विषयगत प्रशिक्षण दिनुभएको थियो। कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ, नायब प्रमुख कार्यकारी अधिकृतहरु कविराज अधिकारी, केशवप्रसाद लम्साल, उपकार्यकारी अधिकृत महेन्द्रप्रसाद अवस्थी, विभागीय प्रमुखहरु दिपकराज न्यौपाने, भीमप्रसाद घिमिरे लगायतको उपस्थिति रहेको थियो ।



**काठमाडौं, २२ फागुन**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड तालिम तथा विकास विभागको आयोजना तथ मानव संशाधन विभागको समन्वयनमा २ नम्बर प्रदेश अन्तर्गतका ३९ जना नवनियुक्त सहायक कर्मचारीलाई पांच दिने पूर्व सेवाकालिन तालिम दरबारमार्गमा सम्पन्न भएको छ । मानव संशाधन विभागका विभागीय प्रमुख भीमप्रसाद घिमिरेले नवनियुक्त कर्मचारीहरुलाई पद तथा गोपनीयताको शपथ खुवाउनु भएको थियो । प्रशिक्षकहरु केशवप्रसाद लम्साल, रिको स्थापित, राज्यलक्ष्मी खड्गी, दिपकराज न्यौपाने, भीमप्रसाद घिमिरे, रुद्रनाथ पोखरेल, रमेश सुवाल, हेमन्तबहादुर जि.सी., रामप्रसाद जोशी, विमलप्रसाद जोशी, शेखरराज शर्मा, आनन्दनारायण चौधरी, अर्नुनप्रसाद दाहाल, प्रतिभा पन्त, रविन्द्रप्रसाद चौलागांईले विषयगत प्रशिक्षण दिनुभएको थियो । कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ, नायब प्रमुख कार्यकारी अधिकृतहरु कविराज अधिकारी, केशवप्रसाद लम्साल, उपकार्यकारी अधिकृत महेन्द्रप्रसाद अवस्थी, विभागीय प्रमुखहरु दिपकराज न्यौपाने, भीमप्रसाद घिमिरे लगायतको उपस्थिति रहेको थियो ।

**काठमाडौं, १३ फागुन**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड तालिम तथा विकास विभागको आयोजना तथ मानव संशाधन विभागको समन्वयनमा कर्णाली प्रदेश तथा सुदूर पश्चिम प्रदेश अन्तर्गतका ४५ जना नवनियुक्त सहायक कर्मचारीलाई पांच दिने पूर्व सेवाकालिन तालिम दरबारमार्गमा सम्पन्न भएको छ। मानव संशाधन विभागका विभागीय प्रमुख भीमप्रसाद घिमिरेले नवनियुक्त कर्मचारीहरुलाई पद तथा गोपनीयताको शपथ खुवाउनु भएको थियो । प्रशिक्षकहरु किरणकुमार श्रेष्ठ, केशवप्रसाद लम्साल, विनयरमण पौडेल, रिको स्थापित, कृष्ण साह, राज्यलक्ष्मी खड्गी, दिपकराज न्यौपाने, भीमप्रसाद घिमिरे, रुद्रनाथ पोखरेल, रमेश सुवाल, हेमन्तबहादुर जि.सी., रामप्रसाद जोशी, विमलप्रसाद जोशी, शेखरराज शर्मा, आनन्दनारायण चौधरी, अर्नुनप्रसाद दाहाल, रविन्द्रप्रसाद चौलागांईले विषयगत प्रशिक्षण दिनुभएको थियो। कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ, नायब प्रमुख कार्यकारी अधिकृतहरु कविराज अधिकारी, केशवप्रसाद लम्साल, उपकार्यकारी अधिकृत महेन्द्रप्रसाद अवस्थी, विभागीय प्रमुखहरु दिपकराज न्यौपाने, भीमप्रसाद घिमिरे लगायतको उपस्थिति रहेको थियो ।

(वरिष्ठ सहायक कृष्ण आचार्यको सहयोगमा तयार पारिएको )

# भक्तपुर दरबार स्क्वायरमा राष्ट्रिय वाणिज्य बैंकको ए.टि.एम. सेवा समुद्घाटन



**काठमाडौं, २२ माघ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले भक्तपुर दरबार स्क्वायर क्षेत्रमा महानगरिय प्रहरी परिसर तथा जिल्ला प्रशासन कार्यालयको प्राङ्गणमा ए.टि.एम.सेवा संचालनमा ल्याएको छ । उक्त ए.टि.एम.सेवाको भक्तपुर नगरपालिकाका मेयर सुनिल प्रजापतिले एक समारोहका बिच समुद्घाटन गर्नु भयो । बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठको उपस्थितिमा भएको सो कार्यक्रममा नायब प्रमुख कार्यकारी अधिकृत कविराज अधिकारीले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो । बैंकको बागमती प्रादेशिक कार्यालयकी प्रबन्धक सोनी श्रेष्ठको सभापतित्वमा सम्पन्न समारोहको संचालन शाखा कार्यालय सुर्यविनायकका प्रबन्धक मुरारीप्रसाद दंगालले गर्नुभएको थियो ।

सो समारोहमा भक्तपुरका सहायक प्रमुख जिल्ला अधिकारी दिलिपप्रसाद लामिछाने, प्रहरी उपरिक्षक सविन प्रधान, नेपाली सेनाका गणपति शिवप्रसाद पौडेल, भक्तपुर उद्योग वाणिज्य संघका अध्यक्ष प्रदिप श्रेष्ठ, सशत्र प्रहरी उपरिक्षक विश्वकुमार भट्टराई, राष्ट्रिय अनुसन्धान विभागका उप अनुसन्धान निर्देशक सुरेन्द्र कोइराला, बैंकका उपकार्यकारी अधिकृत सरस्वती अधिकारी, विभागीय प्रमुखहरु रिको स्थापित, सरोज बस्नेत, सहायक प्रबन्धक लुज श्रेष्ठ लगायत कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

**ब्रान्च प्रोफाइल**

# शाखा कार्यालय सुर्यविनायक (१३७)

**(आ.व २०७५।०७६ को सर्वोत्कृष्ठ शाखा)**



| | |
|---|---|
| कुल निक्षेप | रु. १,१२,०४,०३,८८८।७६ |
| कुल कर्जा | रु. १,२१,०१,४७,७२७।६६ |
| मुनाफा | रु. ७,०२,६१,४३४।९० |
| कुल ग्राहक संख्या | : ३७,७९३ |
| कुल कर्मचारी संख्या | : ९ |
| NPA | : १.८९% |
| शाखा प्रबन्धक | : मुरारी प्रसाद दंगाल |
| शाखा कार्यालयको स्थापना | : वि.सं.२०३६ भदौ ४ |
| **प्रति कर्मचारी** | |
| निक्षेप | रु. १२,४४,८९,३२०।९७ |
| कर्जा | रु. १३,४४,६०,८५८।६३ |
| मुनाफा | रु. ७८,०६,८२६।10 |

**सफलताको रहस्य :**

सामुहिक कार्य, अनुशासनको पालना, कुशल तथा प्रभावकारी नेतृत्व, कर्मचारीहरुको सहकार्य, एकता, उच्च मनोवल तथा ग्राहक मैत्री व्यबहार, उपलब्ध श्रोत तथा साधनहरुको समुचित उपयोग, ग्राहक महानुभावको विश्वास, केन्द्रीय तथा प्रदेश कार्यालयको सहयोग, समन्वय, नियमित अनुगमन तथा मार्गदर्शन, जिल्ला स्थित सरकारी कार्यालयहरु, स्थानीय सरकार, शैक्षिक संस्था, स्थानीय संघ संस्था तथा समस्त ग्राहक महानुभावहरुको सहयोग, समन्वय तथा यस बैंक प्रतिको विश्वास आदि ।




# राष्ट्रिय वाणिज्य बैंकको Business Meet-2076 कार्यक्रम सम्पन्न




**काठमाडौं, २० फागुन**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको व्यवसायिक रणनीति तय गर्न ठूलो व्यवसायिक पोर्टफोलियो भएका शाखा कार्यालयहरुलाई लक्षित गरी शाखा कार्यालयका शाखा प्रवन्धकहरु सम्मिलित तीनवटा केन्द्रमा Business Meet-2076 सम्पन्न भएको छ । फागुन १५ गते काठमाडौं केन्द्रमा भएको कार्यक्रममा ३३ जना शाखा प्रबन्धकहरु, फागुन १७ गते कोहलपुर केन्द्रमा भएको कार्यक्रममा २६ जना शाखा प्रबन्धकहरु र फागुन २० गते सौराहा केन्द्रमा भएको कार्यक्रममा ५२ जना शाखा प्रबन्धकहरुको उपस्थिति रहेको थियो । सो कार्यक्रममा प्रतिस्पर्धी बैंकिङ्ग बजारमा बैंकको गुणस्तरीय व्यवसाय बृद्धि, कम्प्लायन्स, साइबर सेक्युरिटी, प्रतिस्पर्धी बजारमा अगाडि बढ्ने विषयमा व्यापक रुपमा छलफल भई रणनीति तय गरिएको थियो । कार्यक्रमको बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले उद्घाटन गर्दै योजनाबद्ध रुपमा व्यवसायिक योजना प्राप्त गर्ने कार्यमा लाग्न शाखा प्रवन्धकहरुलाई निर्देशन दिनुभयो । उक्त समारोहमा राष्ट्रिय वाणिज्य बैंकका नायब प्रमुख कार्यकारी अधिकृत कविराज अधिकारी, उपकार्यकारी अधिकृत देवेन्द्ररमण खनाल, विभागीय प्रमुखहरु, प्रदेश प्रमुखहरुहरु लगायतको उपस्थिति रहेको थियो ।

## समवेदना

यस बैंकका शा.का. महेन्द्रनगरमा कार्यरत कनिष्ठ सहायक लोकेन्द्र भट्ट (१०८८३) को बुबा किसनानन्द भट्ट, शा.का. थापाथलीमा कार्यरत सुरक्षा गार्ड धुब्रबहादुर थापा (११३२४) की आमा दण्डकुमारी थापा, शा.का. जनकपुरमा कार्यरत बरिष्ठ सहायक लक्ष्मीकान्त झा (१०५३३) की आमा उर्मिलादेबी झा, शा.का. मिर्चैयामा कार्यरत सहायक प्रबन्धक कृष्णदेव गोसाई (११७१७) की अमा सोनादाई सन्यासी, शा.का. सिमरामा कार्यरत शाखा प्रबन्धक ओमप्रकाश साह कानु (१२०७१) की आमा किसुनपति कनुईन, शा.का. सुख्खा बन्दरगाहामा कार्यरत शाखा प्रबन्धक मनिराज गौतम (१११०३) को बुबा तसबहादुर तामाङ्ग, शा.का. लुभुमा कार्यरत नगद सहायक निर्जला आचार्य (१२३९५) की ससुरा, सीताराम गौतम, शा.का. भच्चेकमा कार्यरत शाखा प्रबन्धक संजय तिखतरी (१२१०२) की आमा मिश्री दमै, शा.का. भद्रपुरमा कार्यरत सहायक सुरज लावुङ्ग (११९३५) को बुबा सेनप्रसाद लिम्वु लावुङ्गको केही पहिले निधन भएकोमा दिवंगत आत्माहरुको चिर शान्तिको कामना सहित समवेदना प्रकट गर्दछौं ।

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईको आफ्नै बैंक

**राष्ट्रिय वाणिज्य बैंक लि. परिवार**

Chief Advisor: Kiran Kumar Shrestha, CEO. Advisor: Tek Raj Joshi, DEO & Information Officer.
Assistant Editor: Ishwar Upreti
Published by: Rastriya Banijya Bank Ltd., Central Office, Chief Executive Officer's Office
Singhadurbar Plaza, Kathmandu, Ph: 4252595, Ext. 2423, E-mail: rbbnl@rbb.com.np
Printed at: Aadesh Chapakhana, Lokanthali, Bhaktapur, Tel: 9841068987